# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी,झापा
## कोशी प्रदेश, नेपाल

## नगर प्रहरी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः- २०८०/०४/३२)

यस कनकाई नगरपालिकाको कार्यालयमा "कनकाई नगरपालिका नगर प्रहरी (गठन तथा सञ्चालन ऐन, २०८०" बमोजिम तपशिलको पदहरुमा नगर प्रहरी सेवा करार गर्नुपर्ने भएकाले निम्नानुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.सं | विज्ञापन नं. | पद | संख्या | आवश्यक शैक्षिक योग्यता/अनुभव | उमेर हद |
|---|---|---|---|---|---|
| १ | प्र.१/२०८०/८१ | नगर प्रहरी सहायक निरीक्षक | १ (एक) | न्यूनतम एस.एल.सी वा सो सरह उत्तीर्ण रही सेना, प्रहरी र सशस्त्र प्रहरीको अ.स.ई. पदमा कम्तिमा ४ बर्ष वा हवल्दार पदमा कम्तिमा ७ वर्षको अनुभव सहित सेवा निवृत्त भएको, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाहीमा नपरेको। | २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| २ | प्र.२/२०८०/८१ | नगर प्रहरी हवल्दार | १ (एक) | न्यूनतम ८ कक्षा उत्तीर्ण गरी सेना, प्रहरी र सशस्त्र प्रहरीको समान निवृत्त भएको वा सुरक्षा गार्ड सम्बन्धी कुनै संस्थामा कम्तीमा ९ वर्षको अनुभव भएको, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाहीमा नपरेको। | १८ वर्ष पूरा भई ४३ बर्ष ननाघेको |
| ३ | प्र.३/२०८०/८१ | नगर प्रहरी जवान (खुला) | २ (दुई) | न्यूनतम ८ कक्षा उत्तीर्ण गरी स्वास्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाही नपरेको। सेना, प्रहरी, सशस्त्र प्रहरीको समान पदवाट सेवा निवृत्त भएको वा सुरक्षा गार्ड सम्बन्धी अनुभव भएको उमेद्वारलाई विशेष प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४२ बर्ष ननाघेको |
| ४ | प्र.४/२०८०/८१ | नगर प्रहरी जवान (महिला) | १ (एक) | न्यूनतम ८ कक्षा उत्तीर्ण गरी स्वास्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाही नपरेको। सेना, प्रहरी, सशस्त्र प्रहरीको समान पदवाट सेवा निवृत्त भएको वा सुरक्षा गार्ड सम्बन्धी अनुभव भएको उमेद्वारलाई विशेष प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४२ बर्ष ननाघेको |

१। **न्यूनतम शारीरिक क्षमताः-** कनकाई नगरपालिकाको नगरप्रहरीको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।

२। **आवेदनको दस्तुरः-** रु.५००।-

३। **दरखास्त दिने स्थानः-** कनकाई नगरपालिकाको कार्यालय, जामुनबारी, झापा ।

४। **दरखास्त दिने अन्तिम मितिः-** २०८०/०५/१४ गते कार्यालय समय भित्र। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही वमोजिम हुनेछ ।

५। **सम्पर्क मितिः-** २०८०/०५/१६ गते

६। **परीक्षाको किसिमः-** (क) शारीरिक तन्दुरुस्ती/विस्तृत स्वास्थ्य परीक्षण (ख) लिखित र अन्तवार्ता

७। **सेवा शर्त र सुविधाः-** कनकाई नगरपालिका नगर प्रहरी (गठन तथा सञ्चालन ऐन, २०८०) बमोजिम हुनेछ ।

८। **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु समेत

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- न्युनतम योग्यताको प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
- अनुभव खुल्ने प्रमाणित कागजातहरु,
- २ प्रति पासपोर्ट साईजको फोटो,
- कनकाई नगरपालिकामा बसाईसराई गरी आएको भए बसाईसराई दर्ता प्रमाण पत्रको छाँयाप्रती ।

९। रीत नपुगी पेश हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।त्यस्तो दरखास्त जुनसुकै समयमा पनि रद्ध गरिनेछ ।

१०।विस्तृत जानकारीका लागिः- कनकाई नगरपालिकाको website www.kanakaimun.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ।